म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १९६ आइतबार १४ फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 26 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## शिक्षकलाई क्षमता विकास तालिम

हेटौंडा, १३ फागुन/ हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाले आईटी स्रोत शिक्षकलाई क्षमता विकास तालिम प्रदान गरेको छ । हेटौंडा-४, स्थित भुटनदेवि माध्यमिक विद्यालयमा सञ्चालित ३ दिने तालिमको विवशजंग थापा, महेश पोद्दार र संप्रस पौडेललगायतले सहजीकरण गरेका थिए । तालिममा गुगलद्धारा उत्पादित सफ्टवेयरहरुको प्रयोग, क्लाउड स्टोरेज, मल्टिमिडिया टुल्स, एक्सेल, पावरप्वाइन्ट स्लाइड, क्विजीज, क्यान्भा, कोर्स म्यानेजमेन्ट, वेब वेस्ड एसेसमेन्ट टुल्स विधिहरुको प्रयोग तथा सिकाइलगायत आईटी सम्बन्धी कार्यक्रमका बारेमा सहजीकरण गराइएको प्रशिक्षक संप्रस पौडेल जानकारी दिए । विभिन्न विद्यालयका ६० जना सहभागी रहेको तालिमको समापन समारोहमा हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमाल, शिक्षा अधिकृत रामचन्द्र खड्काले सहभागीहरुलाई प्रमाणपत्र प्रदान गरेका थिए । त्यसैगरी उपमहानगरपालिकाले सामुदायिक विद्यालयलाई निःशुल्क प्रदान गरेको सफ्टवेयर सञ्चालनमा रहेका समस्याहरु समाधान र दीगो तथा अनिवार्य प्रयोगका लागि छिट्टै १ दिने सेमिनारको आयोजना गरिने उपमहानगर पालिकाका शिक्षा अधिकृत रामचन्द्र खड्काले जनाए ।

# बागमतीको सत्ताबाट राप्रपा बाहिरिए पनि सरकार सुरक्षित

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ बागमती प्रदेश सरकार गठन भएको करिब दुई महिना हुनै लाग्दा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले समर्थन फिर्ता लिएको छ ।

केन्द्रीय सत्ता समीकरणमा फेरबदल आएसँगै बागमतीमा राप्रपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएको हो । राप्रपाका चार जना पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको संघीय सरकारमा मन्त्री थिए । उनीहरुले शनिबार सरकारलाई दिएको समर्थन फिर्ता लिँदै प्रधानमन्त्री प्रचण्डलाई राजीनामा बुझाइकेका छन् । राप्रपाले संघीय सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै प्रदेशमा पनि सोहीअनुसार हुने निर्णय गरेको छ । जसकारण बागमती प्रदेशमा पनि राप्रपा सरकारबाट बाहिरिएको हो । राप्रपाले केन्द्र सरकारलाई दिएको समर्थन फिर्तासँगै सरकारबाट बाहिरिने निर्णय गरेपछि बागमतीमा पनि राप्रपाका मन्त्रीहरुले सरकार छोड्ने निर्णय लिएका छन् ।

बागमतीमा राप्रपा संसदीय दलका नेता तथा खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्री उद्धव थापा, पर्यटन, उद्योग तथा सहकारी मन्त्री डम्बरबहादुर तामाङ र वन तथा वातावरण मन्त्री राजु बिष्ट सरकारमा छन् । शनिबार साँझ बसेको प्रदेशसभा बैठकको विशेष समयमा बोल्दै राप्रपाका संसदीय दलका नेता थापाले प्रदेश सरकारबाट बाहिरिने घोषणा गरेका छन् । सत्ता गठबन्धनमा लागेको भागबण्डाअनुसार बागमतीमा सभामुख राप्रपाले पाउनुका साथै सरकारमा ३ जना मन्त्री लिएको थियो । सभामुख राप्रपाका भुवन पाठक छन् । प्रदेशसभामा १३ सिट रहेको राप्रपाबाट थापा विना विभागीय मन्त्रीका रुपमा २५ पुसमा नियुक्त भएका थिए । उनलाई मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले ११ माघमा मात्रै खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयको जिम्मेवारी दिएका थिए । तामाङ र विष्ट ११ माघमा मन्त्रिपरिषद् विस्तार गर्दा नियुक्त भएका थिए ।

राप्रपा संसदीय दलका नेता तथा मन्त्री थापाले पार्टीको निर्णयअनुसार बागमती सरकारबाट बाहिरिएको बताए । बागमतीमा



नेकपा माओवादी केन्द्रको नेतृत्वमा नेकपा एमाले, राप्रपा, नेकपा (एकीकृत समाजवादी) र हाम्रो नेपाली पार्टीको समर्थनमा सरकार गठन भएको थियो । मुख्यमन्त्री जम्मकट्टेलले सरकारमा एमाले र राप्रपालाई मात्रै सहभागी गराएका थिए । जम्मकट्टेललाई नेपाली कांग्रेससहित सरकारलाई समर्थन गरेका सबै दलले विश्वासको मत दिएका थिए । प्रदेशसभामा ३ सदस्य रहेको नेपाल मजदुर किसान पार्टी (नेमकिपा) भने निरन्तर प्रतिपक्षीको भूमिका छ ।

एमालेले भने तत्काल बागमती सरकारलाई दिएको समर्थन फिर्ता नगर्ने एमाले बागमती प्रदेश संसदीय दलका नेतासमेत रहेका आर्थिक मामिला तथा योजन मन्त्री जगन्नाथ थपलियाले जानकारी दिए । उनले हाल राष्ट्रिपति निर्वाचनको तयारीमा जुटिरहेकोले सरकारको विषयमा के गर्ने भनेर निर्णय लिइनसकेको बताए । थपलियाले पार्टीको केन्द्रीय निर्णयअनुसार नै प्रदेशसभामा भूमिका निर्वाह गरिने बताए । उनको भनाइअनुसार बागमतीमा पनि एमालेले २५ फागुनसम्म सरकारलाई दिएको समर्थन कायम राख्ने भएको छ । बागमतीमा एमालेले ४ वटा मन्त्रालय भागबण्डामा लिएको थियो ।

बागमती प्रदेशसभामा कूल ७ वटा दलको प्रतिनिधित्व रहेको छ । प्रदेशसभामा एमालेको २७, माओवादीको २१ र राप्रपाको १३ सांसद छन् । यी ३ दलको मत जोड्दा ६१ हुन्छ । जुन सरकार गठनको लागि बहुमत थियो । सरकार गठन हुँदा सत्ता गठबन्धनबाहिर रहेको नेपाली कांग्रेससँग ३७, समाजवादीसँग ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ मत थियो । एकसय १० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसद् भए पुग्छ । नयाँ सत्ता समीकरणमा कांग्रेस, माओवादी र एकीकृत समाजवादी एक भएसँगै बहुमत पुगेकाले मुख्यमन्त्री जम्मकट्टेल अल्पमतमा पर्दैनन् । उनलाई कांग्रेस र एकीकृत समाजवादीले यसअघि नै विश्वासको मत दिइसकेकाले जम्मकट्टेल सुरक्षित छन् ।

राष्ट्रपति निर्वाचनका लागि बनेको नयाँ सत्ता समीकरण अनुसार बागमतीका मुख्यमन्त्री जम्मकट्टेल बहुमतमै छन् । उनलाई ३ माघमा प्रदेशसभा बैठकमा उपस्थितमध्ये १ सय ५ सांसदले विश्वासको मत दिएका थिए । वर्तमान सरकारमा नरहेका तर समर्थन गरेका नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी तथा प्रतिपक्षमा रहेको कांग्रेसले पनि मुख्यमन्त्री जम्मकट्टेललाई विश्वासको मत दिएको हो । नेपाल मजदुर किसान पार्टीका तीन सांसदले विपक्षमा मत हालेका थिए । एक जना सांसद भने अनुपस्थित भए ।

मुख्यमन्त्री जम्मकट्टेललाई विश्वासको मत दिए पनि कांग्रेसले प्रदेशसभामा प्रतिपक्षको भूमिका रहने जनाएको थियो । अब नयाँ सत्ता समीकरण राष्ट्रपति निर्वाचन पछिसम्म कायम रहे बागमतीमा नयाँ सरकार गठन हुनेछ । नयाँ गठबन्धनमा भागबण्डा टुंगिनसकेकाले बागमतीमा मुख्यमन्त्री जम्मकट्टेल नै रहन्छन वा रहँदैनन् भन्ने यकिन छैन । गठबन्धनको भागबण्डा अनुसार जम्मकट्टेल नै मुख्यमन्त्री र हने अवस्थामा एमाले र राप्रपाले लिएको मन्त्रालयमा कांग्रेस र एकीकृत समाजवादीको दाबी रहने देखिन्छ । माओवादी केन्द्रका सांसद प्रेमबहादुर पुलामी नयाँ गठबन्धनबाट पनि जम्मकट्टेल नेतृत्वकै सरकार बन्ने दाबी गर्छन् ।

## इन्द्रसरोबर मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ जिल्लाको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकामा दुई वटा मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा एक पुरुष र एक महिला रहेका छन् । हेटौंडा आउँदै गरेको बा. ७३ प ९०६० नम्बर मोटरसाइकल इन्द्रसरोबर गाउँपालिका-२ मा दुर्घटना भएको थियो । दुर्घटनामा परी दाङ घर भएकी २३ वर्षीया आसिका चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको मोटरसाइकल शनिबार बिहान आफैं अनियन्त्रित भएर दुर्घटनामा परेको थियो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।


यसैगरी, इन्द्रसरोबर गाउँपालिका-२ हेभिमा हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको बा. ९० प २६०० नम्बर मोटरसाइक्ल अनियन्त्रित भएर दुर्घटना हुदाँ एक जनाको मृत्यु भएको छ । एक जना गम्भीर घाइते भएको प्रहरीले जनाएको छ । दुर्घटनामा मोटरसाइकल चालक भारतीय नागरिक काठमाडौं डेरा गरी बस्ने ३५ वर्षीय बिकास जैसवालको मृत्यु भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।


## घर भाडामा

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोठा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८२७२५९८०६



साझाकुरा

## हाम्रो कुरा

# जग्गा वर्गीकरण भू-भाग अनुकूल होस्

सरकारले भूमि समुचित उपयोग र प्रभावकारी व्यवस्थापन गर्ने योजनासहित ल्याएको भू-उपयोग ऐन-२०७६ मकवानपुरमा अधिकांश स्थानीय तहमा अझै कार्यान्वयनमा आउन सकेको छैन । भू-उपयोग ऐन कार्यान्वयन नहुँदा नागरिकले आफ्नो जग्गाको वर्ग छुट्याउन पाएका छैनन् भने वर्गअनुसार कित्ताकाट गर्न पनि समस्या सिर्जना भएको छ । भएको जग्गा सिङ्गो बेचबिखन र अंशबण्डा गर्न मिले पनि कित्ताकाट गरेर गर्नुपर्ने अंशबण्डा तथा बेचबिखन कार्य हुन नपाउँदा नागरिकले धेरै समस्या भोग्नु परिरहेको यथार्थ हामीमाझ छ । २०७९ जेठ २३ गते सरकारले भूउपयोग नियमावली-२०७९ ल्याएपछि मकवानपुर जिल्लाका दुई स्थानीय तहले नयाँ भू-उपयोग योजना बनाएर जग्गा वर्गीकरण थालेपनि ८ स्थानीय तह अझै अलमलमा छन् । हेटौंडा उपमहानगरपालिका र मनहरी गाउँपालिकाले जग्गाको वर्गीकरणको काम थालेपनि बाँकी राक्सिराङ, कैलाश, मकवानपुरगढी, बकैया, बागमती, भीमफेदी, इन्द्रसरोवर गाउँपालिका र थाहा नगरपालिकाले अझै वर्गीकरणको काम थालेका छैनन् ।

नियमावली आएपछि संघीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले कृषि क्षेत्रको संरक्षण गर्न सबै पालिकाहरुलाई आफ्नो क्षेत्रको जग्गा २३ मंसिरसम्म कृषि र गैरकृषिमा वर्गीकरण सक्न निर्देशन दिएको थियो । नियमावलीले तोकेको जग्गा वर्गीकरण मापदण्ड र जनस्तरको मागबीच मतभिन्नता भएपछि स्थानीय तहहरुले जग्गा वर्गीकरण टुंग्याउन अप्ठेरो मानिरहेको पाइएको छ । नियमअनुसार जग्गालाई कृषि र गैरकृषिअन्तर्गत् आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी-खोला, ताल, सिमसार, सार्वजनिक उपयोग र सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रमा वर्गीकरण गर्नुपर्ने हुन्छ । वर्गीकरणको काम नसकिउन्जेल कित्ताकाट रोकिएको छ । स्थानीय तहहरुलाई छिटो जग्गा वर्गीकरण गर्न जनस्तरबाट दबाब भएको बुझिएको छ ।

लामो समयपछि फेरिन लागेको जग्गाको वर्गीकरण देशको राष्ट्रिय रणनीति, स्थानीय क्षेत्रको भू-वनोट, स्थानीयको आवश्यकता लगायत विविध पक्षसंग मेल खाने गरी दीर्घकालीनरुपमा स्थानीय पालिकालाई राजश्वदेखि भूमिको उपयभोगमा वैज्ञानिकता आउने ढंगबाट गर्नु पर्दछ । हाल हुन लागेको वर्गीकरणलाई जग्गाको खण्डिकरण र प्लटिङ्गसंगमात्र जोडेर हेर्न थालियो भने गम्भीर भूल हुनेछ । भूमिको उचित वर्गीकरण गरेर प्लटिङ र जग्गाको बिक्री वितरणमा छुट्टै मापदण्ड बनाएर लागू गर्दा दीर्घकालीनरुपमा फाइदा हुने देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन १५ गते सोमबार २७ फेब्रुअरी २०२३ । अष्टमी फाल्गुण शुक्लपक्ष । चिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:३३, सूर्यास्त ६:०२।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : भाग्योदयको योग छ | **तुला** | : आफन्तबाट विरोध हुनेछ |
| **वृष** | : सहयोगी हातहरु बढ्नेछ | **वृश्चिक** | : पेसाबाट घाटा देखिन्छ |
| **मिथुन** | : धर्मकर्ममा मन जानेछ | **धनु** | : कामको उचित प्रतिफल पाइनेछ |
| **कर्कट** | : नया मित्रसूग भेटघाट हुनेछ | **मकर** | : धन आर्जन हुनेछ |
| **सिंह** | : अधुरो काम बन्ने सम्भावना छ | **कुम्भ** | : काम बन्नाले उत्साह जाग्नेछ |
| **कन्या** | : मित्रहरुबाट सहयोग हुनेछ | **मीन** | : दोहोरो लाभ मिल्नेछ |

# भू-राजनैतिक हस्तक्षेपद्वारा निर्देशित अस्थिरता



✍ राजेन्द्र किराती

सरकार गठन भएको दुई महिना पनि भएको छैन । पाँच वर्षे आवधिक आयुलाई नियाल्ने हो भने पनि यो धेरै छोटो अवधि हो । अर्थात् यति छोटो अवधिमा सरकारको काम कारबाही परिणाममुखी नभएको जिकिर गर्ने वेला पनि भइहालेको देखिँदैन ।

यद्यपि गठबन्धनमा आबद्ध पार्टीहरू बीचको खटपट र स्वार्थको द्वन्द्वद्वारा निर्देशित अभिव्यक्तिहरू भने सतहमा छताछुल्ल भइरहेको छ । यसले सरकारको स्थायित्व र गठबन्धनको गाँठो कतिखेर खुस्किने हो, यसै भन्न सकिन्न । यो हामी सबैको लागि शुभसंकेत होइन । यसले चरम राजनैतिक अस्थिरता र द्वन्द्वबाहेक अरू केही दिनेवाला छैन ।

### चलखेलकै कारण अस्थिरता

नेपालमा एउटा जबरजस्त भाष्य के बनाइएको छ भने आपसी खिचातानीको कारण विदेशी हस्तक्षेप बढेको हो । सतही रूपबाट मात्र विश्लेषण गर्दा यो भाष्यमा काफी दम छ जस्तो लाग्छ । तर यो हाम्रो नजरमा परिस्थिति ठिक विपरीत रहेको छ । यहाँ वस्तुत: विदेशी चलखेलको कारण राजनैतिक अस्थिरता बढिरहेको भने साँचो हो । तपाईं हामी सबै सचेत नागरिकले यो नयाँ शिराबाट राष्ट्रिय राजनीतिक परिदृश्यको भाष्य निर्माण गर्न, बुझ्न, व्याख्या गर्न र आवश्यक रणनीति विकास गर्न जरुरी देखिन्छ । अन्यथा तपाईं हाम्रो अज्ञानताभित्र झनै गम्भीर जालझेल र षड्यन्त्रहरुको तानाबाना बुनिएको पत्तै नहुने खतरा छ ।

यसकारण हामी नेपालीहरूलाई न्यूनतम रूपमा वर्तमान विश्व शक्ति राष्ट्रहरूको मूलभूत अन्तर्विरोध कुन कुन मुद्दामा टक्राइरहेको छ अर्थात् स्वार्थको द्वन्द्व कुन कुन सवालमा उठिरहेको छ नजरअन्दाज गर्नु जरुरी छ । यही नजर अन्तरगत यता नेपालमा विदेशी चलखेल कहाँ कहाँबाट भइरहेको छ । यसको पछाडि लुकेको सारभूत र रुपगत कारणहरू के के हुन् । यसलाई कम गर्न हाम्रो भूमिका कस्तो रहनुपर्दछ । शक्ति राष्ट्रहरूको स्वार्थको द्वन्द्व र नेपालको भूराजनीतिक अवस्थितिले कुन कुन शक्ति राष्ट्रहरूलाई आकर्षित गरिरहेको छ । ती शक्ति राष्ट्रहरूले नेपालमा कुन कुन पार्टी वा व्यक्तिहरूलाई उपयोग र दुरुपयोग गरिरहेका छन् जस्ता गम्भीर र संवेदनशील राष्ट्रिय राजनैतिक सवालहरूमा हामी सबै सचेत नागरिकले अलि भिन्न ढङ्गले सोच्नुपर्ने बेला आएको देखिन्छ ।

उनीहरूको चलखेल अन्त्य नभएसम्म नेपालमा स्थायित्व र स्थिरताको कल्पनै गर्न सकिन्न । यही भावभूमि वरिपरिबाट नै हाम्रो वैदेशिक कूटनीतिक सम्बन्धहरू परिपक्व ढङ्गले तय गर्नु अनिवार्य देखिन्छ ।

### पछिल्लो तीव्र भेटघाट

पुँजीको प्रभावमा कमजोर मुलुकलाई आफ्नो स्वार्थभित्र कैद गर्नु वर्तमान निगम पुँजीको विशेषता हो । नेपाल यसको अपवाद हुन सक्दैन । सरकार बनेको डेढ महिनाको अन्तरालमा थुप्रै विदेशी शक्तिकेन्द्र वा उनीहरूको प्रतिनिधिहरूले भेटघाटलाई तीव्रता दिएका छन् । भारत, अमेरिका, चीन, बेलायत अनि युरोपियन युनियनका प्रतिनिधिहरूले प्रधानमन्त्रीदेखि, पार्टी अध्यक्ष, दलको नेतालगायत राष्ट्रिय राजनीतिका सबै सरोकारवाला व्यक्ति वा निकायहरूसँगको छलफल बढाइरहेका छन् । कूटनैतिक सम्बन्ध विस्तारको लागि गरिने औपचारिक भेटघाटहरू सामान्य प्रक्रियाहरू हुन् । तर एकपछि अर्को भेटघाटहरूको अन्तर्यमा भने रणनीतिक स्वार्थगत चलखेलजन्य स्वार्थ लुकेको हुन्छ ।

पछिल्लो तीव्र भेटघाट र अनौठो रूपमा बढिरहेको राजनैतिक अन्यौलता र अस्थिरताबीच कुनै न कुनै साइनो सम्बन्ध रहेको बुझ्न कठिन छैन । सबैले आ-आफ्नो स्वार्थको द्वन्द्वअनुरूप राजनैतिक बहस-पैरवी बढाइरहेका छन् । स्वार्थगत अनुकूलता र प्रतिकुलताको आधारमा समर्थन र विरोध जनाइरहेका छन् । विभिन्न पार्टी, पात्र, प्रवृत्तिहरूमाथि खेलबाड गर्दै राजनीतिलाई आफ्नो चङ्गुलमा राख्ने दाउपेच गरिरहेका छन् । यस्तै राजनीतिमा रमाउने हाम्रो दिनचर्या बनिरहेको छ ।

### रास्वपा र राप्रपाको उदय

मुख्य राजनैतिक पार्टीहरूप्रति वितृष्णा बढिरहेको परिवेशमा एकाएक नयाँ र पश्चगामी शक्तिहरू उदाएका छन् । यो रूपबाट हेर्दा पुरानोले गरेन, नयाँले गर्छ कि भन्ने सद्भाव वा ईमोशनको बनिबनाउ चाहना अन्तरगतको उर्वर पृष्ठभूमिबाट निर्देशित देखिन्छ । अरू पुराना पार्टी वा नेताहरूले गरेनन्, अब नयाँलाई छान्नुपर्छ भन्ने पछिल्लो नेपाली राष्ट्रिय राजनीतिको जबरजस्त भाष्य बनिरहेको छ । उनीहरूलाई नयाँ पुराना र बूढो र तन्नेरी भन्दा पनि मूलत: प्रणालीमा रहेको समस्याहरू वर्तमान गत्यावरोधहरु मूलभूत कारण हो भन्ने न्यूनतम ज्ञान देखिँदैन ।

यसो भएपछि उनीहरूमा सही र गलत खुट्याउने हैसियत हुने कुरै भएन । यही कमजोर सचेतनागत धरातलमा वैदेशिक चलखेल र जनता व्ल्याकमेलिङ गर्न सहज भइरहेको छ । जनता पनि वस्तुवादी भएर सत्य तथ्य पहिचान गरेर कार्यक्रमिक योजनागत गन्तव्य तय गर्नु भन्दा पनि सामाजिक सञ्जालजन्य प्रचारबाजीहरूको पछि पछि दौडिन थालेका छन् । यही कमजोरीको गुरुत्व केन्द्र वरिपरि वैदेशिक चलखेल मडारिरहेको छ । वस्तुत: बाहिरी रूपबाट विश्लेषण गर्दा रास्वपा र राप्रपाको उदय स्वाभाविक देखिन्छ । अरू पुराना पार्टी वा नेताहरूले गरेनन्, अब यसले गर्छ भन्ने जुन भाष्य बनाइएको छ, त्यो ठिकै लाग्न सक्छ । उनीहरूले पनि पुराना पार्टी र नेताहरू यहाँ चुके, त्यहाँ चुके, यता बिगारे, उता भत्काए अनि यता खाए, उता चप्काए भनेर आफूहरूलाई मात्र निरपेक्ष रूपमा सही साबित गर्ने रणनीति लिएर छिटो मीठो राजनीतिमा होमिएका छन् ।

नयाँ पार्टी र नेताहरूप्रति एक खालको बनिबनाउ आकर्षण देखिन्छ । यही वस्तुगत धरातलमा रास्वपा र राप्रपा उदाएको सबैलाई जगजाहेरै छ । तर उनीहरूको उदय पछाडि यति मात्र कारण पर्याप्त छैन । पछिल्लो समय ईण्डोपश्चिमा शक्तिहरू कार्यगत मोर्चा बनाएर नेपाली राजनीतिमाथि चलखेल गरिरहेका छन् । अमेरिकीहरूमा पनि नेपालमाथि सिधै हस्तक्षेप गर्ने कि दिल्ली हुँदै गर्ने भन्ने दुई थरी मत रहेको छ । तर सैन्य उपस्थिति सहितको प्रत्यक्ष हस्तक्षेप भन्दा दिल्ली हुँदै गरिएको घुमाउरो रणनीतिक चलखेलले अझ बढी जनता दिग्भ्रमित पार्न सकिन्छ भन्ने विश्लेषणमा उनीहरू पुगेको देखिन्छ ।

यही रणनीतिअन्तर्गत वासिङ्टन र दिल्ली दुवैको स्वार्थगत देशान्तरको उर्वर भूमिमा रास्वपा र राप्रपा हुर्किरहेको स्पष्ट छ । यो कुरा उनीहरूको नाटकीय उदय, अहिलेसम्मको राजनैतिक उपलब्धि माथिको नाङ्गो हमला, संविधान विरुद्ध मनोगत प्रतिक्रिया, कतिपय उच्छृंखल वा अपरिपक्व गतिविधि अनि अतिविश्वासको पारो आदिको वस्तुवादी मूल्याङ्कन गर्दा यही तथ्य उजागर हुन्छ ।

### एमाले, रास्वपा र राप्रपा ध्रुवीकरण

पार्टी अध्यक्षको नागरिकता काण्डमा अदालतले दोषी ठहर गरेपछि रास्वपा सरकार बाट बाहिरिएको छ । यही मेसोमा उसले सबैलाई तल्लो स्तरको गालीगलौज गर्न पनि पछि परेन । गृहमन्त्री नबनाएको झोँकमा रवि लामिछानेले धेरैलाई थुप्रै लाञ्छना लाउन भ्याए ।

अदालतलगायत धेरैको लामिछाने दोषी भएको हुनाले मन्त्री होइन, उल्टै कारबाहीको प्रक्रिया अघि बढाउनु पर्छ भन्ने मत निकै बलियो रहेको छ । यस्तो मुद्दामा अरू कोही साधारण व्यक्ति थियो भने जेल जानुपर्ने हुन्थ्यो । तर उनको हकमा त्यो लागु भएन । यसमा पनि धेरैले प्रश्न उठाइरहेका छन् । तर रवि वा रास्वपा भने गल्ती महसुस गर्नुको सट्टा आफ्ना वचाउ मात्र गरिरहेको छ । पत्रकार सम्मेलनमार्फत् रोदन र जलन पोख्न पनि भ्यायो । धेरैले यस घटनामा उनले अधैर्यता प्रकट गरेको टिप्पणी गरिरहेका छन् । यस्तो आत्मकेन्द्रीत व्यक्तिवादी चिन्तन र महत्वाकांक्षा लिएको पार्टी वा व्यक्तिहरूबाट धेरै आशा गर्नु मूर्खता हुन्छ । कसैले गर्छ भने त्यो भ्रम मात्र हुनेछ ।

रास्वपाको यही अराजनीतिक र अपरिपक्व वा अर्को अर्थमा भन्ने हो भने केटाकेटीको भाडाँकुटी खेल जस्तो राजनीतिलाई नियाल्दा मुलुकको राजनीति कता जाँदैछ सहजै अनुमान गर्न सकिन्छ । यही धरातलमा एमालेका अध्यक्ष केपी ओलीले भने रास्वपाको खुलरै बचाउ गरे । सकभर लामिछानेलाई गृहमन्त्री वनाउनै पर्ने, नभए पार्टीलाई सरकारमा भने तुरुन्तै ल्याउनु पर्छ भनेर वकालत गरिरहे । अदालत माथि नै पनि प्रश्न उठाए । यस परिघटनालाई नजिकबाट नियाल्दा मुलुकको राजनीतिले सही बाटो पकड्ने देखिँदैन । यसरी अदालतमा मुद्दा खेपिरहेको पार्टी वा नेताप्रति एमालेको यस्तो रवैया देख्दा अनौठो अनुभूति हुन्छ । कतिपय सन्दर्भमा राप्रपासँग पनि ओली बाको हिमचिम बढिरहेको छ । विदेशीहरूले कम्युनिष्ट विरुद्ध कम्युनिस्टहरू नै प्रयोग गर्दै आएको विगत ताजै छ । यही सन्दर्भमा उनीहरूले एमालेलाई उपयोग गर्दै आएको हो । यसले ईन्डोपश्चिमा वैदेशिक रणनीतिअन्तर्गत एमाले/रास्वपा/राप्रपा लगायतको ुवीकरण हुने सम्भावना बढ्दै गएको देखिन्छ । यसमा भारत र अमेरिकाको दोहोरो स्वार्थ लुकेको देखिन्छ ।

### प्रसाईको राजा ल्याउने अभियान

एमालेका केन्द्रीय सदस्य दुर्गा प्रसाईले पछिल्लो समय निकै अस्वभाविक हर्कत गरिरहेका छन् । अनौठो ढङ्गले सामाजिक सञ्जालमा पनि छाइरहेका छन् । उनले फागुन १ गते मेची पुलमा पूर्व राजा र राजपरिवारका अन्य सदस्यहरूको उपस्थितिमा राजा ल्याउने महाअभियान आरम्भ गर्न भ्याए । अव चाँडै नै राजतन्त्र स्थापित हुने उद्घोष समेत गरे । गणतन्त्रवादीहरुलाई निकृष्ट गाली गरे । पूर्व राजा ज्ञानेन्द्र पनि आफ्नो पक्षमा एक खालको लहर देखेर मक्ख देखिन्थे । यसरी एमाले, रास्वपा र राप्रपाको हिमचिम बढिरहेको वस्तुगत धरातलमा स्वयं एमालेकै केन्द्रीय सदस्यबाट यस्तो अभियान थाल्नु कुनै संयोग मात्र नभएर सुनियोजित रणनीति भनेर आशंका गर्ने ठाउँ देखिन्छ । यद्यपि एमालेले प्रसाईलाई कारबाही गरिसकेको दाबी गरेको छ ।

ईन्डोपश्चिमाहरुको संयुक्त डिजाइनमा नै नेपालमा राजा सहितको नयाँ ुवीकरण गर्न खोजिरहेको देखिन्छ । यही रणनीति अन्तरगत नै नयाँ पार्टी, व्यक्ति र पुस्तान्तरणको बहस पनि अनपेक्षित रूपमा भइरहेको छ । गगन थापालाई प्रधानमन्त्रीमा काष्टिङ गर्नु यसैको उपज थियो । रवि र गगन बीचको सम्बन्धमा पनि ईन्डोपश्चिमाहरुको रसायनले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यता उनीहरूले कम्युनिष्ट जनमत भित्र खेल्न र दिग्भ्रम सिर्जना गर्न तुलनात्मक रूपमा राम्रो संगठन भएको पार्टी एमालेलाई अधिकतम् उपयोग गर्दा तुलनात्मक रूपमा बढी फाइदा हुने बुझेर नै यस्तो रणनीति लिएको देखिन्छ ।

### अन्तमा:

वस्तुत: नेपालमा विद्यमान अस्थिरता र अन्यौलताको मूलभूत कारण भनेको वैदेशिक हस्तक्षेप वा चलखेल नै हो । यसरी वैदेशिक हस्तक्षेप नहुने हो भने हाम्रो राजनीति यति धेरै भद्रगोल र अस्तव्यस्त हुने थिएन । कतिपय पार्टी र पात्रहरूको अति चुरीफुरी पनि यसरी बढ्ने थिएन । रास्वपा र राप्रपाको उदय र एमालेको अवसरवादी ढुलमुले प्रवृत्तिलाई नियाल्दा कतै न कतै ईन्डोपश्चिमाहरुको स्वार्थ लुकेको देखिन्छ ।

विचार एजेन्डा भन्दा पनि हावादारी प्रचारात्मक माहौलको पछि समाज निर्देशित हुनु यसैको उपज हो । त्यसैले, एमाले, रास्वपा र राप्रपा लगायतका पार्टीहरू एकातिर ईन्डोपश्चिमा गुरुयोजना अन्तरगत गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी र समानुपातिक लगायतका अग्रगामी एजेण्डाहरु विरुद्ध ुवीकरण भइरहेको छ । विदेशी शक्ति केन्द्रहरूको यस्तो चलखेललाई वेलैमा व्यवस्थापन नगरे विकराल स्थिति नआउला भन्न सकिन्न । यसमा सबै गम्भीर बन्न जरुरी छ ।

वस्तुत: ठोस कार्यदिशा र कार्ययोजना विना केवल अरूलाई गाली गरेर आफ्नो उत्थान हुने प्रचारात्मक राजनीतिले धेरै परिणाम दिन सक्दैन । यो शाश्वत सत्य हो । यसकारण चोटिलो धाराप्रवाह गाली वा मीठो भाषण अनि भ्रष्टाचार विरुद्धको सुगरकोटेड नारा भित्रको असली नियत बुझ्दै अग्रगामी राजनैतिक एजेण्डाको आधारमा गोलबन्द बनौँ । अवसर र माहौलको पछि लाग्ने चरम ढुलमुले प्रवृत्तिलाई निस्तेज गरौँ । अग्रगामी राजनीति विरुद्ध यो वा त्यो बहानामा गरिने कुनै पनि खालको पश्चगामी हर्कतहरुलाई विफल पारौँ । सबै गणतन्त्रवादीहरू एक होऔँ । किनकि कुनै पनि शर्तमा परिवर्तनको युगसापेक्ष अग्रगामी विकल्प पश्चगमनद्वारा निर्देशित अस्थिरता हुन सक्दैन ।

*(साभार: रातोपाटी)*

# कांग्रेस र रास्वपाको सत्तामोहले कमजोर बनेको प्रतिपक्षी बेञ्च

✍ सरोज गौतम/दिव्येश गिरी

सरकारले माघ १६ गते शहीद दिवसमा नदिएको बिदा फागुन १ गते 'जनयुद्ध' दिवसको नाममा दियो । उक्त सरकारी निर्णयबारे सामाजिक सञ्जालमा अनेक खालका प्रतिक्रिया देखिए । तर कुनै पनि ठूला राजनीतिक दलले त्यसको संस्थागत विरोध गरेनन् । नेकपा एमाले स्वयं सरकारमा भएकोले त्यसको विरोध गर्न सकेन । राजतन्त्रको वकालत गर्ने राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि सत्तामा रहिरहन उक्त निर्णयको विरोध गरेन । स्वयं कांग्रेस र रास्वपा लगायत सबै मुख्य दल चुपचाप रहे । यो त एउटा उदाहरण मात्रै हो, प्रमुख प्रतिपक्षी नहुँदा सरकारले गर्ने कार्यकारी शक्तिको अति प्रयोगलाई रोक्ने शक्ति बाँकी रहँदैन ।

अहिलेको संसद प्रतिपक्षीविहीन बनेको छ । कानुनी हिसाबले नेपाली कांग्रेस प्रतिपक्षी बने पनि उसले प्रधानमन्त्रीलाई विश्वासको मत दिएको र राष्ट्रपति चुनावमा सरकारमा सम्मिलित दलहरूबीच असमझदारी बढाउन र राष्ट्रपतिको चुनावमा राष्ट्रपतिको च्याँखेदाउ थापेसँगै उसले राजनीतिक हिसाबले प्रतिपक्षीको हैसियत गुमाएको छ । उता, रास्वपा आफ्ना सभापति रवि लामिछानेलाई अदालतले नागरिकता मुद्दामा दोषी ठहर गर्‍यो । उनले पुन: नागरिकता प्राप्त गर्नासाथ गृहमन्त्रीमा दाबी गरिहाले । जबकि उनको सांसद पद अदालतको फैसलासँगै खोसिएको थियो ।

दिनकै बालकोट र बालुवाटारको दौडधुप मात्र गरिरहेका लामिछाने र रास्वपाले सरकार छाड्नुपरे पनि गठबन्धन छाडेन । यसको अर्थ उसलाई जसरी पनि सत्तामा रहनुछ । सांसद नरहे पनि पार्टी सभापति सहित नै सत्तामा जानुछ र त्यो पनि गृह मन्त्रालय नै लिएर । एमाले त स्वयं सत्ताधारी दल नै भयो । यस हिसाबले हाम्रो संसदमा प्रतिपक्षी पार्टी नै छैनन् । लोकतन्त्रमा रचनात्मक प्रतिपक्षीको भूमिका त्यसै परिकल्पना गरिएको होइन । बलियो र रचनात्मक प्रतिपक्ष विना त लोकतन्त्रले कामै गर्दैन र राजनीतिले गलत बाटो लिन सक्छ । यसले सरकारलाई नागरिक समाज र मिडिया जस्ता महत्वपूर्ण पक्षमाथि नियन्त्रण कायम गर्न उक्साउँछ । यसले चिरकालसम्म लोकतन्त्रलाई अस्वस्थ बनाउँदै हानि समेत पुर्‍याउँछ ।

### लोकतन्त्रमा प्रतिपक्षको परिकल्पना

लोकतन्त्र आफैंमा विविधतालाई सम्बोधन गर्ने व्यवस्था हो । समाजमा विद्यमान फरक-फरक विचारबीचमा स्वस्थ प्रतिस्पर्धा हुन्छ । यही प्रतिस्पर्धाको बीचमा न्यूनतम सहमति कायम गर्न सक्ने शक्तिले सत्ताको अभ्यास गर्दछ भने अल्पमतले प्रमुख प्रतिपक्षीको भूमिका निभाउँछ र लोकतन्त्र गतिशील हुन्छ । यस्तो व्यवस्थामा फरक-फरक विचारले उठ्ने मौका पाउँछन् । किनकि तिनीहरू सुनिन्छन् । यही मान्यता सहित लोकतन्त्रमा सत्तापक्ष र प्रतिपक्ष दुवै खालका शक्तिको उपस्थिति परिकल्पना गरिएको हो ।

स्वस्थ लोकतन्त्रमा विपक्षी दलले नियन्त्रण र सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेल्छ । प्रतिपक्षले फरक विचार र दृष्टिकोणको लागि मञ्च प्रदान गर्दछ, सत्तारुढ दललाई जवाफदेही बनाउँछ । सरकारले जनताको हितमा कति काम गरिरहेको छ, सूक्ष्म अवलोकन गर्दछ । यसरी सरकारलाई नियन्त्रणमा राख्ने र शक्तिको अनावश्यक एकीकरणलाई रोक्न प्रतिपक्षले निगरानी गर्ने काम गर्छ । प्रतिपक्षी दलले अल्पमतको दृष्टिकोणको प्रतिनिधित्वसहित काम गर्छ । लोकतन्त्रमा बहुमतसँग निर्णय गर्ने अधिकार हुनसक्छ, तर अल्पसंख्यकको दृष्टिकोण पनि सुन्नुपर्छ र विचार गर्नुपर्छ । प्रतिपक्षले अल्पसंख्यक समूहका सरोकारहरूलाई आवाज दिन सक्छ र उनीहरूको अधिकार र हितको वकालत गर्न सक्छ ।

सत्तारुढ दल अति शक्तिशाली वा भ्रष्ट भएमा प्रतिपक्षले परिवर्तनको माग गर्न जनमतलाई परिचालन गर्न सक्छ । यसमा शान्तिपूर्ण विरोध, हड्ताल वा नागरिक अवज्ञाका अन्य रूपहरू समावेश हुन सक्छन् । सरकारलाई जवाफदेही बनाएर प्रतिपक्षले लोकतान्त्रिक संस्थाको पतन रोक्न र जनताको अधिकारको रक्षा गर्न मद्दत गर्न सक्छ । विपक्षी दलहरूले स्वस्थ राजनीतिक संस्कृतिको विकास गर्न मद्दत गर्न सक्छन् । लोकतन्त्रमा स्वस्थ विचारको आदानप्रदान र खुला बहस हुनुपर्छ । सत्तारुढ दलको विचार र नीतिलाई चुनौती दिने परिप्रेक्ष्य प्रतिपक्षले दिन सक्छ । यसले अझ बलियो राजनीतिक बहस निम्त्याउन सक्छ र 'इको चेम्बर' मानसिकतालाई रोक्दै विविध विचार र दृष्टिकोण आउने वातावरण सुनिश्चित गर्न मद्दत गर्दछ ।

बलियो प्रतिपक्षको अर्थपूर्ण उपस्थितिले राजनीतिक विभाजन न्यूनीकरण गर्दै एकता बढाउन मद्दत गर्न सक्छन् । लोकतन्त्रमा गहिरो राजनीतिक विभाजन र ध्रुवीकरण हुनसक्छ । प्रतिपक्षले साझा आधार खोज्न र विभिन्न समूहबीचको सहयोगलाई प्रवर्द्धन गर्न मद्दत गर्न सक्छ । संसारभरिको संसदीय या अन्य लोकतन्त्रको उदाहरण हेर्‍यो भने पनि त्यसले प्रतिपक्षीको महत्व दर्साइरहेको हुन्छ । बेलायतको संसदीय लोकतन्त्रको लामो इतिहास छ । त्यहाँ विपक्षी दलले सरकारका नीतिहरूमाथि प्रश्न उठाउँदै सरकारलाई जवाफदेही बनाउन महत्वपूर्ण भूमिका खेल्छन् ।

पछिल्ला वर्षहरूमा विपक्षी लेबर पार्टीले ब्रेक्जिट, सार्वजनिक खर्च र कल्याणकारी आर्थिक सहायता जस्ता मुद्दाहरूमा कन्जरभेटिभ सरकारका नीतिहरूको विरोध गर्न विशेष भूमिका खेलेको छ । कोभिडको विषयमा भएको हेलचेक्र्याईंदेखि अन्य महत्वपूर्ण विषयमा विपक्षीले खेलेको भूमिका र दबावले सत्तापक्ष हुने एकलौटी म्यान्डेट पाएको कन्जरभेटिभ पार्टीले समेत प्रधानमन्त्रीमा नयाँ अनुहार ल्याउन बाध्य भएको थियो । जर्मनीको ग्रीन पार्टीले पर्यावरण नीति र नवीकरणीय ऊर्जाको वकालत गरेर परम्परागत राजनीतिक दलहरूलाई यी मुद्दाहरूलाई अझ गम्भीरतापूर्वक लिन दबाव सृजना गरिरहेको छ ।

विपक्षी दलहरूले राजनीतिक परिवर्तनको लागि उत्प्रेरकको रूपमा काम गर्न सक्छन् । कतिपय समाज र समुदायमा सत्तारुढ दलले गहिरो विभाजन सृजना गर्‍यो भने त्यसलाई कम गर्दै सच्याउन भूमिका खेल्न सक्छन् । भारतीय कंग्रेसले हालसालै गरेको 'भारत जोडो' यात्रा यसको एउटा बलियो उदाहरण हो ।

साम्प्रदायिक झगडाले विभिन्न अल्पसंख्यक समूहले आफ्नो राजनीतिक अभिभावक गुमाएको महसुस गरिरहेका बेला भारतीय कंग्रेसले सञ्चालन गरेको उक्त लामो पदयात्राले अल्पसंख्यक समूहलाई पनि आफ्नो आवाज बोल्ने राजनीतिक शक्ति छ भन्ने महसुस गरायो । साथै, सत्तारुढ पार्टी स्वयंलाई समेत गहिरो विभाजन सृजना गर्ने, लोकतान्त्रिक अंगमाथि खेलाँची गर्ने र सत्ताको चरम दुरुपयोग गर्ने अभ्यास सच्याउन सचेत गरायो । त्यति मात्र होइन, भारतीय संविधानले सुनिश्चित गरेका धर्मनिरपेक्षता, अभिव्यक्ति स्वतन्त्रता जस्ता मुद्दाहरू विरुद्ध सत्तारुढ भारतीय जनता पार्टीले अगाडि बढाएको नीति र अभ्यासको विरोध समेत यो अभियानको क्रममा मुखरित हुनसक्यो ।

कतिपय अवस्थामा प्रतिपक्षले राजनीतिक सुधार वा क्रान्तिका लागि आन्दोलनको नेतृत्व गर्न सक्छ । उदाहरणका लागि, अफ्रिकी राष्ट्रिय कंग्रेसले दक्षिण अफ्रिकामा रङ्गभेद विरोधी सैर्षमा मुख्य भूमिका खेलेको थियो, जसले अन्तत: रङ्गभेदी शासन पतन भयो । प्रतिपक्षले परिवर्तनको माग गर्न जनतालाई उत्प्रेरित र परिचालन गर्न सक्छ । जनताको आवाज र आकांक्षाको माध्यमको रूपमा काम गर्न सक्छ । समग्रमा, लोकतन्त्रमा प्रतिपक्षी दलले लोकतन्त्रको प्रवर्धन, सरकारलाई चुनौती दिन र नागरिकको हक र हितको रक्षा गर्न बहुआयामिक भूमिका खेल्छ । नियन्त्रण र सन्तुलन प्रदान गरेर, नवप्रवर्तन र प्रगतिको प्रवर्धन गरेर, राजनीतिक विभाजनलाई कम गरेर र राजनीतिक परिवर्तनको लागि उत्प्रेरकको रूपमा कार्य गरेर प्रतिपक्षले लोकतन्त्रलाई जीवन्त, उत्तरदायी र जनताप्रति जवाफदेही बनाइराख्न मद्दत गर्छ ।

(साभार: अनलाइनखबर)

राष्ट्रपतिमा पौडेल भर्सेस नेम्वाङ :

# गठबन्धन ध्वस्त पार्न एमालेको रणनीतिक निर्णय

काठमाडौं/फागुन २५ गते हुने राष्ट्रपति निर्वाचनका लागि आठ दलीय गठबन्धनबाट नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले उम्मेदवारी दर्ता गराएका छन् । यस्तै एमालेले पनि उपाध्यक्ष सुवासचन्द्र नेम्वाङलाई उम्मेदवार खडा गरेको छ । एमालेले २५ गतेसम्म आफ्नो पक्षमा नतिजा ल्याउने रणनीतिका साथ तत्काल सरकारमै रहेर राष्ट्रपतिमा उम्मेदवार खडा गर्ने निर्णय गरेको हो । यो बीचमा एमालेले आठ दलीय गठबन्धन भत्काएर आफ्नो पक्षमा नतिजा ल्याउन भरपुर प्रयास गर्ने निश्चित छ ।



शनिबार निर्वाचन अधिकृतको कार्यालय नयाँ बानेश्वरमा पुगेर पौडेलले आफ्नो उम्मेदवारी दर्ता गराए । राष्ट्रपति पदमा पौडेलको प्रस्तावकमा शेरबहादुर देउवा, माधव कुमार नेपाल, नारायणकाजी श्रेष्ठ, अशोक कुमार राई र अब्दुल खान रहेका छन् । यस्तै समर्थकमा महन्थ ठाकुर, पूर्णबहादुर खड्का, रञ्जिता श्रेष्ठ, चित्रबहादुर केसी र हितराज पाण्डे रहेका छन् ।

पौडेललाई माओवादी केन्द्र, जसपा, नेकपा एस, नागरिक उन्मुक्ति पार्टी, लोसपा, जनमत पार्टी र राष्ट्रिय जनमोर्चाले समर्थन गरेका छन्। पौडेलअघि नै नेम्वाङले संसद भवन पुगेर आफ्नो उम्मेदवारी दर्ता गराएका थिए ।

नेम्वाङको प्रस्तावकमा केपी शर्मा ओली, पृथ्वीसुब्बा गुरुङ, गोकर्णराज विष्ट, रघुबीर महासेठ र छविलाल विक रहेका छन् । यस्तै समर्थकमा योगेश भट्टराई, टोपबहादुर रायमाझी, जुलीकुमारी महतो महासेठ, दिलकुमारी रावल थापा र अमन कुमार मास्के रहेका छन् । एमालेले कांग्रेस बाहेकका सबै दललाई राष्ट्रपतिमा सघाउन पत्राचार गर्ने निर्णय पनि गरेको छ ।

**उम्मेदवार दर्तापछि नेम्वाङ र पौडेलको प्रतिक्रिया**

राष्ट्रपतिका उम्मेदवार नेम्वाङले आफ्नो नाममा राष्ट्रिय सहमति हुने विश्वासका साथ आफू राष्ट्रपतिको उम्मेदवार भएको बताएका छन् । उम्मेदवारी दर्ता गराइसकेपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले यस्तो दाबी गरेका हुन् । उनले आफू सबै हिसावले संविधानको परिपालना गर्न लाग्ने दाबी गरे । उनले स्वस्थ प्रतिष्पर्धालाई सम्मान र जगेर्ना गर्दै देशमा स्वस्थ आधार र वातावरण तयार गर्न आफ्नो भूमिका हुने बताए । उनले व्यवहारमा जनताको राष्ट्रपति अनुभुत हुने ढंगले काम गर्ने प्रतिवद्धता जनाए ।

उनले भने, 'सबै हिसावले संविधानको परिपालना गर्न लाग्नेछु । आफ्नो नाममा राष्ट्रिय सहमति हुने विश्वास भएर नै उठिरहेको हो । स्वस्थ प्रतिष्पर्धालाई सम्मान र जगेर्ना गर्दै देशमा स्वस्थ आधार र वातावरण तयार गर्न लाग्नेछु । अब जनताको राष्ट्रपतिको व्यवस्था गरेका छौं । व्यवहारमा जनताको राष्ट्रपति अनुभुत हुने ढंगले काम गर्ने मेरो प्रयास हुनेछ । हिजो संविधान सभामा रहँदा ३१ वटा राजनीतिक दलहरुको सर्वसम्मत अध्यक्ष भएर संविधान जारी गर्न भुमिका निर्वाह गरेँ । संविधानको संरक्षक हुने अवसर पाएको छु ।'

संविधानसभा अध्यक्ष एवं पूर्व सभामुखसमेत रहेका उनले संविधानको संरक्षक हुने अवसर पाएको भन्दै संविधानको रक्षा गर्न लागि पर्ने बताए । यसैगरी पौडेलले भावी आफू सर्वसम्मत चयन हुने विश्वास ब्यक्त गरेका छन् । उम्मेदवारी दर्ता गराए पछि पौडेलले राष्ट्रपतिमा सर्वसम्मत हुने विश्वास व्यक्त गरेका हुन् । 'ओलीजी पनि मसँग जेलमा बस्नुभएको हो, पुरानो साथी हो। उहाँले पनि सबैको साझा पदमा सहमति जुटाउन योगदान गर्नुहोला भन्ने विश्वास लिएको छु,' पौडेलले सञ्चारकर्मीसँग भने, 'मैले सर्वसम्मत बन्ने इच्छा गरेको हो। निर्वाचनको दिनसम्म कोसिस रहन्छ।'

संविधान, सैंघ लोकतान्त्रिक गणतन्त्रको रक्षा र संस्थागत गर्न अहिलेको चुनौती भएकाले आफ्नो भूमिका त्यसमा केन्द्रित हुने उनको भनाइ छ ।

**ओलीले भने-२५ गते थाहा पाउनुहुन्छ**

यसैबीच नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पुस १० गतेको सहमति अनुसार नै राष्ट्रपति चयन हुने विश्वास व्यक्त गरेका छन् । आठ दलीय गठबन्धन नरेको टिप्पणी गरेका अध्यक्ष ओलीले सहमतिबाट कोही भाग्न नसक्ने पनि बताएका छन् । ओलीले पूर्व सहमतिअनुसार नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सहमति अनुसार नै राष्ट्रपतिमा एमाले उम्मेदवार नेम्वाङलाई समर्थन गर्नेसमेत विश्वाससमेत व्यक्त गरेका छन् ।

'हाम्रो उम्मेदवार दाउपेचको होइन, पुस १० गते नै टुङ्गो लागिसकेको हो, हामीले बाहिर नल्याएका मात्रै हौं,' ओलीले सञ्चार कर्मीसँग भने, 'सहमति पूरा गर्नुहुन्छ भन्ने विश्वास लिएका छौं, वचनबाट कोही पनि पछि हट्न सक्दैन ।' ८ दलीय गठबन्धन नै नबनेको जनाउँदै ओलीले हिजो बेलुका प्रधानमन्त्री कार्यालयमा केही दललाई मात्र बोलाइएको मात्र टिप्पणी गरेका छन् । 'केही बिग्रिएको छैन, त्यो २५ गते थाहा पाउनुहुन्छ' उनले भने ।

**सुरु भयो दौडधुप**

मनोनयन दर्तासँगै दलहरुले आफ्नो पक्षमा माहोल बनाउन दौडधुप थालेका छन् उम्मेदवार पौडेल उम्मेदवारी दर्ताअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई भेट्न पुगेका थिए । पौडेलले लामिछानेको हात्तिगौडा स्थित निवासमै पुगेर राष्ट्रपति चुनावमा आफूलाई सहयोग गर्न आग्रह गरेका हुन् ।

यद्यपि लामिछानेले सहयोग गर्नेबारे स्पष्ट जवाफ दिएनन् । उनले पार्टीमा छलफल गरेर आवश्यक निर्णय लिने जवाफ पौडेललाई फर्काएको लामिछानेका स्वकीय सचिव प्रकाश सिग्देलले जानकारी दिए । यस्तै एमालेले पनि सबै दललाई मत दिन आग्रहसहित पत्राचार गर्ने भएको छ । एमालेका प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले कांग्रेसको आफ्नै उम्मेदवार रहेकाले उसलाई भने पत्राचार नगरिने बताए । यसैगरी नेपाली कांग्रेसले कार्यसम्पादन समितिको बैठकबाटै सबै दलसँग मत माग्ने निर्णय गरिसकेको छ ।

**२५ गतेसम्म एमालेको ढोक्सा**

कांग्रेसले प्रचण्डलाई प्रतिनिधिसभामा विश्वासको मत दिएसँगै एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रयोग गरेको शब्द 'ढोक्सा' निकै चर्चित भयो । त्यतिबेला उनले नेपाली कांग्रेसले प्रधानमन्त्रीलाई विश्वासको मत दिएर ढोक्सा थापे पनि माछा नपर्ने बताएका थिए ।

जुन कुरा ओलीले संसदमा अर्को पटक सम्बोधन गर्दा पनि उनले उल्लेख गरेका थिए । उनको भनाइ थियो, 'कांग्रेसको यस व्यवहारलाई सरकारमाथि विश्वास गरेको मान्न सकिँदैन । मैले त्यतिबेलै भनेको थिए मतदान मात्रै गरेको भए त ठीकै हो । ढोक्सा थापेको हो भने गल्ती हो । ढोक्सा बेलुका थापिन्छ । अँध्यारोमा माछा पार्न खोजिन्छ ढोक्सामा । बिहान भएपछि रित्तो ढोक्सा बोक्यो फेरि घर फर्क्यो । सरकारलाई दिएको विश्वासको मतलाई राष्ट्रपति र सभामुखको निर्वाचनमा खिचलो खडा गर्ने काँग्रेसको रणनीति देखिन्छ ।'

तर, कांग्रेसले थापेको ढोक्सामा माछा परेको सहितको टिप्पणी सामाजिक सञ्जालमा भइर हँदा कांग्रेसकै शैलीमा ओलीले पनि ढोक्सा थापेका छन् । उनले २५ गतेसम्म सरकारबाट नबाहिरिने निर्णयसहित यस्तो ढोक्सा थापेको चर्चा छ । तर कांग्रेसले ओलीको चाहना पुरा नहुने स्पष्ट जवाफ दिइसकेको छ । प्रवक्ता डा.प्रकाशशरण महतले २५ गतेसम्म पानी धमिलो बनाउने प्रयास गरेपनि सफल नहुने बताए।

' उहाँ (एमाले)हरुलाई अझै २५ गतेसम्म पानीलाई धमिलो बनाउन सकिन्छ कि भन्ने आशय होला। तर, त्यो कुनै सम्भावना छैन,' उनको भनाइ छ ।

(स्रोतः रातोपाटी)

# अनमोल वा प्रदीपको फिल्मबाट हुनसक्छ दीलिपकी छोरीको डेब्यू !

काठमाडौं/नेपाली फिल्म इन्डस्ट्री अब कुनै 'स्टार किड्स'को डेब्यूलाई लिएर अधैर्य छ भने त्यो सुपरस्टार दीलिप रायमाझीकी छोरी दिव्या हुन् । फिल्ममा डेब्यू अगावै उनको सुन्दरतालाई लिएर भैरहेको चर्चा जति लोभलाग्दो छ, त्यसले उनको डेब्यूलाई लिएर दर्शकसँगै फिल्मकर्मीमा पनि चासो बढेको छ । केही फिल्मबाट दिव्यालाई अफर नपुगेको होइन तर उनले कुनैमा काम गर्ने मन देखाइनन् ।



अब भने दिव्या फिल्ममा अभिनय गर्नकै लागि अमेरिकाबाट नेपाल आउन लागेको विश्वस्त स्रोतले जानकारी दिएको छ । सानैमा आमा-बुबासँग अमेरिका गएकी उनले 'इन्फो टिच प्रोजेक्ट म्यानेजमेन्ट'मा मास्टर्स पूरा गरेर अहिले आइटी क्षेत्रमा काम गरिरहेकी छिन् । बाल्यकालदेखि नै फिल्ममा अभिनय गर्ने इच्छा पालेकी उनले फिल्म सम्बन्धी अध्ययन पनि गरिसकेको जानकारी प्राप्त छ ।

फिल्ममा काम गर्ने उद्देश्यले हर्स राइडिङ, डान्स समेत सिकिसकेकी दिव्या आगामी ६/७ महिनामा नेपाल आउने सम्भावना छ । र, उनको डेब्यूलाई लिएर दीलिप रायमाझीले केही मेकरसँग छलफल गरिरहेको बताइएको छ । छोरीको करिअरको सुरक्षित उडानका लागि अहिलेका दुई सुपर स्टार अनमोल केसी या प्रदीप खड्कामध्ये एकको फिल्मबाट डेब्यू गराउने उनको इच्छा छ ।

केही महिना अगाडि दीलिपकी श्रीमतीले छोरीको डेब्यूलाई लिएर प्रदीप अभिनीत एक सुपरहिट फिल्मका निर्मातासँग काठमाडौंमा भेट गरेकी थिइन् । ती निर्माता प्रदीप र दिव्यालाई लिएर फिल्म बनाउन सकारात्मक रहेको बुझिएको छ । त्यस्तै, दीलिपको भुवन केसीसँग हार्दिक सम्बन्ध रहेकाले अनमोलसँग डेब्यूको सम्भावना पनि उतिक्कै छ । दिव्याको अनमोल र प्रदीप दुवै 'फेभरेट' हुन् ।

शिवहरी पौडेलले आफ्नो डेब्यू निर्देशकिय फिल्म 'लक्का जवान'बाट दिव्यालाई डेब्यू गराउन खोजेका थिए । फिल्मका निर्माता दीलिप स्वयं थिए । तर, दिव्याले अध्ययन नसकिएको भन्दै काम गर्न मानेकी थिइनन् । अब उनको डेब्यू अनमोल र प्रदीपमध्ये कसको फिल्मबाट हुन्छ, त्यो प्रतिक्षाको विषय बनेको छ । पिताको लिगेसी (विरासत) बोक्न उनलाई कम चुनौती भने हुने छैन ।

# बर्लिन फिल्म फेस्टिभलमा फर्कियो 'स्टारडम'

काठमाडौं/कोभिड महामारीपछि पहिलोपटक विश्व प्रतिष्ठित बर्लिन फिल्म फेस्टिभल भौतिकरुपमै आयोजना गरिएको छ । जर्मनीको यो चर्चित सहरमा विश्व स्टारहरुले 'स्टारडम' प्रस्तुत गरेका छन् । यसअघिका दुई संस्करण भर्चुअलरुपमा गरिएको थियो ।



यसवर्ष, रेबेका मिलरको पछिल्लो फिल्म 'सी कम टु मी' प्रिमियरसँगै बर्लिनको ७३ औं संस्करण सुरु भयो । यो फिल्ममा पिटर डिंकलेज, मारिसा टोमी, जोआना कुलिग, ब्रायन डी'आर्सी जेम्स, र एनी ह्याथवेले अभिनय गरेका छन् ।

फिल्मलाई न्यूयोर्क सहरमा सेट गरिएको छ र यसले प्रेमका अनेक रुपबारेको कथावस्तु भन्छ । जब संगीतकार स्टीभन लाउडेन (डिंकलेज) ओपेरामा प्रस्तुति दिनको लागि फर्कन असमर्थ हुन्छन् तब पूर्वथेरापिस्ट समेत रहेकी पत्नी प्याट्रिसिया (एनी ह्याथवे)मार्फत प्रेरणाको खोजीमा निस्कन्छन् । उनले यस क्रममा सोचेभन्दा धेरै कुरा पत्ता लगाउँछन् ।

लाइनअपमा क्रिस्चियन पेटजोल्ड र मार्गरिट भोन ट्रोटाका नयाँ फिल्महरू पनि समावेश छन्, र सेन पेनले आफ्नो पछिल्लो डकुमेन्ट्री 'सुपरपावर'मार्फत डेब्यु गरेका छन् । यो फिल्मले युक्रेनमाथि रुसी हमलाको समयबारेको कथा भन्छ ।

यस वर्षको महोत्सवको निर्णायक मण्डलको नेतृत्व अभिनेत्री क्रिस्टन स्टीवर्टले गरेकी छिन् । उनीसँग इरानी-फ्रान्सेली अभिनेत्री गोलशिफ्टेह फराहानी, जर्मन निर्देशक भलेस्का ग्रिसबाच, रोमानियाली निर्देशक राडु जुडे, अमेरिकी कास्टिङ निर्देशक र निर्माता फ्रान्सिन मैस्लर, स्पेनी निर्देशक कार्ला सिमोन, र प्रतिष्ठित हङकङ निर्देशक र निर्माता जोनी तो सम्मिलित छन् । १६ फेब्रुअरीदेखि सुरु भएको बर्लिन फेस्टिभल २६ फेब्रुअरीसम्म चल्नेछ ।

# केकी र सलोनपछि 'जय हो'मा निशाको प्रवेश

काठमाडौं/टेक पौरखी राईको निर्देशनमा बन्न लागेको फिल्म 'जय हो'मा कलाकार प्रवेशको क्रम रोकिएको छैन । अभिनेता सलोन बस्नेत र अभिनेत्री केकी अधिकारीपछि फिल्ममा अर्की अभिनेत्री निशा अधिकारीको पनि प्रवेश भएको छ । शुक्रबार फिल्मका प्रस्तुतकर्ता शोभित बस्नेतले निशासँग कागजी सम्झौता गरेका हुन् । फिल्ममा उनको भूमिका कस्तो रहनेछ, त्यसबारेमा भने खुलाइएको छैन ।



विवाह बन्धनमा बाँधिएर आमा बनेपछि निशा अभिनयमा सक्रिय बनेकी छन् । फिल्म 'म'बाट करिब ४ वर्षपछि कमब्याक गरेकी उनले फिल्म 'आँखा' र गणेशदेव पाण्डेको एक फिल्ममा पनि काम गरिसकेकी छन् । कुनै बेला अभिनेत्रीमा राम्रो डिमान्ड भएकी उनले 'झ्यानाकुटी'बाट फिल्म निर्माणमा समेत हात हालेकी छन् । अहिले उनले युट्युबका लागि पोडकास्ट चलाउँदै आएकी छन् ।

'जय हो'मा अर्पण थापा र माओत्से गुरुङले पनि अभिनय गर्दैछन् । आगामी फागुन २५ गतेदेखि छायांकनमा जान लागेको फिल्ममा शम्भुजित बाँस्कोटा र सागर आले मगरको संगीत, सुरेश न्यौपानेको कथा र सौरभ लामाको छायांकन रहनेछ । फिल्मको निर्माता राज के अधिकारी र सुरज सरकार हुन् । सलोन सलिना फिल्म्सको ब्यानरमा बन्ने फिल्मको मुस्ताङ र पोखरामा छायांकन हुनेछ ।

# कुवेतमाथि नेपालको २४३ रनको सानदार जित




काठमाडौं/अर्जुन कुमाल र देव खनालले शतक तथा आकाश चन्दको ६ विकेट सहयोगमा आईसीसी यू-१९ विश्वकप एसिया छनोट अन्तर्गत नेपालले कुवेतमाथि २४३ रनको विशाल जित हात पारेको छ ।

युएईको मलेक क्रिकेट ग्रउन्डमा नेपालले दिएको ३४४ रनको लक्ष्य पछ्याएको कुवेत ३०.५ ओभरमा १०० रनमा अलआउट भएको हो ।

कुवेतलाई १०० रनमा अल आउट गर्ने क्रममा आकाश चन्दको ६ विकेट लिए । १० ओभर बलिङ गरेका उनले ४३ रन खर्चिएका हुन् । ६ विकेट लिने आकाश युएई जाने अघिल्लो दिन मात्र टिममा समावेश भएका थिए ।

कप्तान गुल्सन झालाई सिनियर टिमबाट रिलिज गर्न प्रशिक्षक मोन्टी देसाईंले नमानेपछि उनको स्थानमा आकाशले अवसर पाएका थिए । नेपालका तिव्र गतिका बलर हेमन्त धामी र स्पिनर दिपेश कंडेलले समान २-२ विकेट लिए ।

कुवेतका लागि ओपनर जुड क्रिस्टोफर सल्धनाले सर्वाधिक २६ रन बनाए । उनले २४ बलमा ४ चौका प्रहार गरे । अर्का ओपनर किशोरभाइ हिन्सुलु १६ बलमा १६ रन बनाए । कुवेतका लागि पहिलो विकेटका ३४ रनको साझेदारी नै सबैभन्दा बढीको साझेदारी रह्यो । मोहम्मद रसिकले १९ रन बनाए भने अन्य कुनै ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर ३४३ रन बनाएको हो ।

नेपालका लागि विस्फोटक ब्याटिङ गरेका देव खनाल १२५ रनमा आउट भए । ११७ बलको सामना गरेका उनले ९ चौका र ३ छक्का हानेका थिए । यस्तै अर्जुन कुमाल १०८ रनमा आउट भए । ११२ बल खेलेका उनले १२ चौका हानेका थिए ।

अर्जुनको करिअरको यो पहिलो शतक हो । उनले गत वर्ष यू-१९ एसिया कपमा बंगलादेश विरुद्धको खेलमा डेब्यू गरेका थिए । गण्डकी प्रदेशबाट खेल्ने उनले घरेलु क्रिकेटमा पनि सानदार प्रदर्शन गर्दै आएका छन् ।

विशाल विक्रम केसी २३ तथा दीपक बोहरा १९ रनमा आउट भए । ओपनर दीपक बोहोराले १३ रन बनाए । आकाश त्रिपाठी र सुवास भण्डारी २ रन बनाउँदै आउट भएका थिए । दीपकप्रसाद डुम्रे २० र दिपेश कँडेल २ रनमा नटआउट रहे ।

# चलचित्र पत्रकार संघमा चुनावी सरगर्मी : यी हुन् अध्यक्षका आकांक्षी

काठमाडौं/आगामी फागुन १७ गते आयोजना हुने चलचित्र पत्रकार संघको नवौं महाधिवेशनलाई लिएर चुनावी सरगर्मी बढेको छ । १७ सदस्यीय कार्यसमितिका लागि उम्मेदवारका आकांक्षीबीच भोट माग्दै मतदाता रिझाउन होड चलेको छ ।

अध्यक्ष पदमा राजन घिमिरे र विष्णु सुवेदीले उम्मेदवारी घोषणा गर्दै आफ्नो दाबी पेश गरिरहेका छन् । अध्यक्षको आकांक्षीमा तत्कालिन महासचिव समीर बलामी पनि छन् जो उम्मेदवारी घोषणाको लागि 'पर्ख र हेर'को मुडमा छन् ।

महासचिव हुँदा संगठनमा सक्रिय भएर राम्रो काम गरेकाले पूर्वअध्यक्षहरु र पछिल्लो पुस्ताका पत्रकारले अध्यक्षमा आफू आइदिए हुन्थ्यो भन्ने आशा राखेको भन्दै बलामीले अध्यक्षमा उम्मेदवारी दिने तयारी गरेका छन् ।

महासचिवमा रघुनाथ सापकोटा र प्रदीप कार्कीबीच तीव्र प्रतिस्पर्धा हुने अनुमान छ । उपाध्यक्ष संगठनतर्फ विशाल राई, विजय सुवेदी र अशेष अधिकारीले उम्मेदवारी घोषणा गरेका छन् । उपाध्यक्ष कार्यक्रमतर्फ जीवन पराजुली, कुमार आचार्य र कुवेर गिरीबीच प्रतिस्पर्धा हुनेछ ।




महिला उपाध्यक्षमा सुरक्षा भट्टराई र शारदा थापा आकांक्षी छन् । सचिवमा गोपीकृष्ण चापागाइ र नवीन गिरीबीच प्रतिस्पर्धा हुनेछ । समावेशी सचिवमा उद्धव रसाइली र दीपक गुरुङले दावी पेश गरेका छन् ।

कोषाध्यक्षमा मनोज न्यौपाने र मनीष कार्की आकांक्षी छन् । सह-कोषाध्यक्षमा अहिलेसम्म मनिष अन्जानले मात्र दावी पेश गरेका छन् ।

सदस्यहरुमा चक्रप्रसाद जैसी (सीपी), सुरेन्द्र थापा, नवीन कार्की, मोहम्मद जालिम, अनुप भट्टराई, दिनेश थापा, सुशिल नेपाल, अर्जुन गुरागाईं, नवीन चापागाईं, कृष्ण पाण्डे र आकाश ढकालले उम्मेदवारी घोषणा गरेका छन् ।

म्हिला सदस्यहरुमा सरिता भारती, सुष्मा कार्की र निशा बजागाईंको दाबी छ । समावेशी सदस्यमा बीना श्रेष्ठको उम्मेदवारी दिने भएकी छन् । कूल १६३ जना मतदाताले नयाँ कार्यसमिति चुन्नेछन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई, हामी सबैको कुरा"
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
साझाकुरा
हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा
राष्ट्रिय दैनिक
वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।

www.sajhakuranews.com

# दीपक सिंह ३९ दिनमै सरकारबाट बाहिरिए

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ नयाँ सत्ता समीकरण बनेसँगै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले सरकार दिएको समर्थन फिर्ता लिँदा मकवानपुरका दीपकबहादुर सिंह सरकारबाट बाहिरिएका छन् ।



मकवानपुरको क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा निर्वाचित सिंह नेकपा माओवादी केन्द्र नेतृत्वको संघीय सरकारमा ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री बनेका थिए । ३ माघमा नियुक्त भएका सिंहले शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई राजीनामा दिएका हुन् । सिंहसँगै राष्ट्रिय प्रजातन्त्र पार्टीका ४ जना मन्त्रीहरुले संयुक्तरुपमा राजीनामा बुझाएका हुन् । राप्रपाका तर्फबाट सरकारमा सहभागी ऊपप्रधान तथा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री राजेन्द्र लिङ्देन, शहरी विकासमन्त्री विक्रम पाण्डे, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री ध्रुवबहादुर प्रधान र ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री दीपकबहादुर सिंह थिए ।

यसअघि बसेको राप्रपाको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिने निर्णय गरेको थियो । मकवानपुरका सिंह प्रतिनिधिसभामा निर्वाचन जितेको पहिलो पटकमै मन्त्री बनेका थिए । तर, उनले ३९ दिनमात्रै सरकारमा बसेर काम गर्ने अबसर पाए । मकवानपुरमा लगातार चार पटकसम्म संघीयदेखि स्थानीय तह निर्वाचन हारेका सिंहको पहिलो सरकार यात्रा छोटो रहन गयो ।

प्रतिनिधिसभामा सिंहले नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना र नेकपा एमालेको सूर्य चिन्हबाट लडेका राप्रपा नेपाल अध्यक्ष कमल थापासँग प्रतिस्पर्धा गरेका थिए । सिंहले चुनाव जित्दा डीना दोस्रो र थापा तेस्रो भएका थिए । सिंहले कांग्रेस सहमहामन्त्री डीनालाई २ हजार ३ सय ८२ मतान्तरले हराएका हुन् । सिंहले २७ हजार ८ सय १६ मत ल्याउँदा डीनाले २५ हजार ५ सय ३४ मत पाएकी थिइन् भने थापाले २५ हजार ४ सय २० मत प्राप्त गरेका थिए ।

प्रतिनिधिसभा निर्वाचन लड्नुअघि सिंहले हेटौंडाको मेयर पदका लागि पनि प्रतिस्पर्धा गरेका थिए । मेयरमा सिंहले २० हजार ५ सय ३१ मत ल्याएर पनि चुनाव जित्न भने सकेनन् । स्थानीय तह निर्वाचन हारेलगत्तै संघीय निर्वाचनको तयारीमा होमिएका सिंहले पाँचौ पटकको प्रयासमा विजय हासिल गरेका थिए । मकवानपुरबाट मन्त्री हुनेको सूचीमा सिंह पाँचौ नम्बरमा परेका थिए ।

मकवानपुरबाट यसअघि मन्त्री हुनेमा कमल थापा, एमालेका हिरण्यलाल श्रेष्ठ, कांग्रेसबाट महालक्ष्मी उपाध्याय डीना, इन्द्रबहादुर बानियाँ र नेकपा एकीकृत समाजवादीका विरोध खतिवडा हुन् । जसमध्ये थापा र खतिवडा मन्त्री भए भने अन्य राज्यमन्त्री बनेका थिए ।

# वन्यजन्तु आतङ्क रोकथाममा एकजुट भएर लाग्न जोड

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ बागमती प्रदेशसभा सदस्य तथा सामुदायिक वन उपभोक्ता महासंघ अध्यक्ष भारती पाठकले पछिल्लो १० दिन मनहरी, हेटौंडा र बकैयामा जंगली हात्तीले मच्चाएको बितण्डाको विषयमा सरोकारवाला निकायहरुको ध्यानाकर्षण गराएकी छन् ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर-९ मा रहेको बेतखोल्सी सामुदायिक वन उपभोक्ता समूहको २२ औं साधारणसभालाई सम्बोधन गर्दै सांसद् पाठकले वन्यजन्तुको आतङ्क रोकथाममा सबै तहका सरकारसहित सरोकारवाला निकायहरु एकजुट भएर लाग्नुपर्नेमा जोड दिइन् । पर्सा राष्ट्रिय निकुञ्जले पछिल्लो १० दिन मनहरी, हेटौंडा र बकैयामा आतङ्क मच्चाइरहेको छ । हात्तीको आक्रमणबाट मनहरीमा एक महिला र बकैयामा एक पुरुषको मृत्यु भएको छ । हात्तीले मानवीय क्षति बनाइरहँदा पनि हात्ती नियन्त्रण गर्न निकुञ्जले तदारुकता देखाएको छैन ।

सांसद् पाठकले वन उपभोक्ताहरुको अधिकारका लागि आफू लागिपरेको बताइन् । सामुदायिक बनको संरक्षणमा सरकारी निकायबाट नीति बनाएर अगाडि बढ्नुपर्ने पाठकको भनाइ छ । वनका अध्यक्ष बासुदेब प्याकुरेलको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-९ का वडा अध्यक्ष सुकराम केसी, डिभिजन वन कार्यालय हेटौंडाका अधिकृत दीपक अधिकारी लगायतको आतिथ्यता थियो ।

# हतियार र लागूऔषधसहित पाँच जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ जिल्लाको विकट कैलाश गाउँपालिकामा प्रतिबन्धित हतियार र लागूऔषध सहित प्रहरीले स्थानीय पाँच जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले कैलाश गाउँपालिकाबाट ठूलो परिमाणमा लागूऔषध र हतियारसहित पाँच जना आरोपीलाई पक्राउ गरेर सार्वजनिक गरेको हो । कैलाश गाउँपालिका-६ दुम्सिखर्कस्थित स्थानीय जीतबहादुर मोक्तानको घर गोठमा प्रहरीले छापा मारेको थियो । उक्त घरगोठबाट लागूऔषध गाँजा एकहजार पाँचसय १५ किलो, चरेश १३ किलो, भरुवा बन्दुक र कटुवा पेस्तोल १-१ थानसहित ६ राउण्ड गोली बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरीले कैलाश गाउँपालिका-६ बस्ने ७६ वर्षीय जीतबहादुर मोक्तान, २८ वर्षीय बिजय मोक्तान, सोही स्थान बस्ने ४० वर्षीय रत्न घले, २२ वर्षीय अशोक घले र २२ बर्षीय शेखर घलेलाई पक्राउ गरेर जिल्ला अदालतबाट म्याद थप भएको प्रहरीले जनाएको छ । बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी निरीक्षक केशर कुमार न्यौपाने, प्रहरी सायक निरीक्षक नवीनबिक्रम थापा र इलाका प्रहरी कार्यालय पालुङबाट प्रहरी नायव निरीक्षक प्रशाद कोइरीसहितको टोलीले उक्त लागूऔषध र हतियारसहित उनीहरुलाई पक्राउ गरेको हो ।


"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३



थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

**हेटौडा सिटी हस्पिटल प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।


# सुन्दर सहकारीद्वारा ग्याँस सुरक्षासम्बन्धी सचेजना

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ हेटौंडा चौकीटोलस्थित सुन्दर बचत तथा ऋण सहकारी संस्थाले खाना पकाउने ग्याँसबाट हुन सक्ने जोमिखबारे सचेतना जगाउने कार्यक्रम आयोजना गरेको छ ।

हेटौंडा-२ चौकीटोलस्थित सुन्दर सामुदायिक वन उपभोक्ता समूहको सभाहलमा सहभागी एकसय ५० जना सहकारीका सदस्यहरुलाई खाना पकाउने ग्याँसबाट हुने जोखिमबारे जानकारी दिइएको छ । सहकारी संस्थाका अतिरिक्त क्रियाकलाप उपसमिति संयोजक पुरुषोत्तम पराजुलीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका वडा नं. २ का वडा अध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेपाल ग्याँस उद्योगका प्राविधिकहरुले खाना पकाउने ग्याँसबाट हुनसक्ने जोखिमबारे व्यवहारिक ज्ञान दिएका थिए ।

कार्यक्रमका प्रमुख अतिथि महर्जनले खाना पकाउने ग्याँस हरेक घरघरमा प्रयोग भइरहेको अवस्थामा हेटौंडामा उपमहानगर पालिकाले अनुदानमा विद्युतीय चुल्हो उपलब्ध गराउने तयारी गरेको जानकारी दिए । कार्यक्रममा जिल्ला समन्वय समिति सदस्य तारा ढुंगानाले हरेक चुल्होमा बल्ने ग्याँसबारे सबैले जानकारी लिएर आफू सुरक्षित रहेर काम गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नं. १ का अध्यक्ष तथा सहकारी संस्थाका सचिव सविन न्यौपानेले सहकारीले बचत तथा ऋणको अलावा अतिरिक्त कार्यमा पनि सहकारीले कार्य गरिरहेको बताए ।

# लामिछानेको एकल कविता वाचन

हेटौंडा, १३ फागुन/ साहित्य संगम मकवानपुरको नियमित साहित्य सन्ध्यामा कवि बैकुण्ठ लामिछानेका एकल कविता वाचन भएको छ ।

संगमको ३ सय २८ औं साहित्य सन्ध्यामा लामिछानेले आफ्ना राजनैतिक विद्रोह, सामाजिक क्रान्तिका ६ वटा कविता वाचन गरे । उनले 'अंकगणितको हत्या', 'लाशको सेल्फी', 'चियाको सुन्दरता', 'राइस किलर अर्थात् गणतन्त्रको झट्केलो' र 'काँचा मासुका बुख्याँचाहरु', 'भुइँ मान्छे र तन्त्रवादका स्वघोषित देवताहरु' गरी ६ कविता वाचन गरेका हुन् । संगमका उपाध्यक्ष सानु खनालको सभाध्यक्ष र गीतकार तुल्सी घिमिरेको प्रमुख आतिथ्यमा सञ्चालित कार्यक्रममा साहित्यिक व्यक्तित्व सागर तिमल्सिना, अमृता लामिछाने, समीर पाख्रिन, सानोभाइ बिश्वकर्मा, चेतप्रसाद पौडेल, जगदीशचन्द्र बराल, ओजश्वी गौतम, देवराज तिवारी, पुरुषोत्तम आचार्य, छवि अनित्य, श्रीराम अधिकारी, शान्ति प्रियबन्दना, निमेष निखिल, संप्रस पौडेललगायतले आ-आफ्नो साहित्यिक सृजना प्रस्तुत गरेका थिए ।

कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, साहित्यसेवी मुक्तिगोविन्द वैद्यलगायतको उपस्थिति थियो । साहित्य संगम तथा सिस्नुपानी मकवानपुरको संयुक्त भवनमा भएको सन्ध्यालाई मनोज पोखरेलले स्वागत गरेका थिए भने संगमका सचिव डीबी बर्तौंलाले सहजीकरण गरेका थिए ।


**सार्वजनिक यातायातलाई व्यवस्थित गरौं ।**

- सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- यात्रु, चालक र सहचालकले एक-आपसमा मर्यादित र शिष्ट व्यवहार गरौं।
- सार्वजनिक यातायातका साधनमा हानी नोक्सानी नपुऱ्याऔं।
- सवारी साधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं।
- सार्वजनिक यातायात सञ्चालनको समय तालिका सार्वजनिक गरी त्यसको पालना गरौं।
- तोकिएको स्थानमा मात्र यात्रु उकाल्ने र ओराल्ने गरौं।
- आरक्षित सिटमा सम्बन्धित यात्रुलाई नै प्राथमिकता दिऔं।
- ट्राफिक नियमको पालना गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२


# तासिर बोर्डिङको वार्षिकोत्सव र अभिभावक दिवस

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ हेटौडा उपमहानगरपालिका-७ नागस्वती स्थित तासिर इङ्लिस सेकेन्डरी बोर्डिङ स्कुलले १९ औं वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको छ ।





बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठको प्रमुख आतिथ्यता तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिठेबहादुर कार्कीको सभाध्यक्षतामा बार्षिकोत्सव र अभिभावक दिवस कार्यक्रम भएको हो । मन्त्री श्रेष्ठले रोबोटबाट कार्यक्रमको उद्घाटन गरेका थिए । श्रम मन्त्री श्रेष्ठले तासिर इङलिस बोर्डिङले मकवानपुरको शैक्षिक क्षेत्रमा खेलेको योगदानको प्रशंसा गरे । उनले शिक्षको गुणस्तरमा ध्यान दिन बोर्डिङलाई सुझाव दिएका छन् । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक विनोदशर्मा थपलियाले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । विभिन्न कक्षामा अध्ययनरत् विद्यार्थीले बनाएको विज्ञान साम्रगी, शैक्षिक सामग्रीहरुको प्रदर्शन गरिएको थियो ।

कार्यक्रमको अवसरमा खाना महोत्सव पनि भएको छ । बोर्डिङको विभिन्न मितिमा आयोजना गरिएको अतिरिक्त क्रियाकलाप र शैक्षिक सत्रमा उत्कृष्ट र विद्यालयको प्रावि, आधारभूत र माध्यमिक तहमा उत्कृष्ट हुने तीन जना शिक्षक र एकजना कार्यालय सहयोगीलाई सम्मान र पुरस्कृत गरिएको छ ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ७ का वडाध्यक्ष दामोदर गौतम, शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरका प्रमुख दिनानाथ गौतम, प्याब्सन बागमती प्रदेश अध्यक्ष केशवलाल श्रेष्ठ, ७ नम्बर वडा सदस्य दिनेश थापामगर, प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदी, न्युरेनी चिसापानी सामुदायिक वन उपभोक्ता समूह अध्यक्ष ज्ञानबहादुर क्षेत्री, विद्यालयका संस्थापक अध्यक्ष राजन थापालगायतको आतिथ्यता थियो ।

## कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थाका तपशिलमा उल्लेखित शेयर सदस्य ऋणीहरुले यस संस्थाबाट लिनु भएको ऋण कर्जाको शर्त मुताविक संस्थालाई तिर्नुपर्ने बाँकी सावा तथा ब्याज तिर्ने सम्बन्धमा पटक-पटक मौखिक, टेलिफोन, मोबाइल तथा पत्रहरुद्वारा अनुरोध गर्दा पनि आजसम्म उक्त रकम तिर्ने सम्बन्धमा कुनै चासो नदेखाई वेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थालाई नियमानुसार तिर्न पर्ने सम्पूर्ण रकम नतिरेमा धितो जमानत दिने व्यक्ति समेतको ३ पुस्ते नामावली स्थानीय र राष्ट्रिय पत्रिकामा प्रकाशन गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं. | नाम थर | ठेगाना |
|---|---|---|
| १ | हिमा लामा | मनहरी गा.पा-६, लोथर |
| २ | जानकी लामा तामाङ | साविक मनहरी वडा नं.-१, लोथर हाल हेटौंडा-८, कमाने |
| ३ | सन्तोषी थिङ | हेटौंडा-१, चौकिटोल |
| ४ | पुष्कल न्यौपाने | साविक बसामाडी-३, हाल हेटौंडा-१० |
| ५ | सन्तोष गोतामे | साविक हाडीखोला-७, हाल हेटौंडा-४ |
| ६ | अणु कुमार बलामी | साविक कुलेखानी वडा नं.-९, हाल ईन्द्रसरोवर गा.पा |
| ७ | माधव गोतामे | मनहरी गा.न.पा-३, मसिने |
| ८ | पुरुषोत्तम रौनियार | हेटौंडा-४, स्कुलरोड |
| ९ | एकराज कार्की | मनहरी गा.पा.वडा नं.-३, हाडिखोला |
| १० | अनिषा थापा | हेटौंडा-१९, सान्नानीटार |
| ११ | जनक लिम्बु | भरतपुर महानगरपालिका-१२, चितवन |
| १२ | देबराज बलामी | साविक काठमाडौं वडा नं.-३, हाल दक्षिणकाली नगरपालिका |
| १३ | राम कृष्ण अर्याल | साविक हाडिखोला-६, हाल मनहरी गा.पा |
| १४ | कमलबहादुर लो तामाङ | ललितपुर महानगरपालिका-२, माल्टा |
| १५ | हरीवंश बर्तौला | हेटौंडा उपमहानगरपालिका-२, मानसचोक |
| १६ | बेल बहादुर मोक्तान | कैलाश गाउँपालिका वडा नं.-६, गोगने |
| १७ | भोज बहादुर बुढाथोकी | भिमफेदी गा.पा-४, निवुवाटार |
| १८ | राजकुमार ब्लोन | साविक गोगने वडा नं.-८, परिवर्तित कैलाश गाउँपालिका वडा नं.-६ |
| १९ | जमान सिं. घलान | बकैया गा.पा वडा नं.-५ |

**दिब्यतारा बहुउद्धेश्यीय सहकारी संस्था लि.**

हेटौडा-२, पल्पसारोड, मकवानपुर
फोन नम्बर : ०५७-५२४९१६, ५२५९१७
इमेल : divyatara2000@gmail.com


**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३